# सुखीपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# सुखीपुर, सिरहा,
## मधेश प्रदेश, नेपाल

### औषधी आपूर्ति सम्वन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना
(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/१० गते)

यस सुखीपुर नगरपालिकाको लागि आवश्यक औषधी तथा सर्जिकल सामग्रीहरु सिलबन्दी दरभाउपत्र माध्यमबाट खरीद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत पत्र प्राप्त ईच्छुक फर्म तथा कम्पनीवाट निम्न शर्तहरुको अधिनमा रही चालु आ.ब. २०८२/०८३ को लागि रितपूर्वकको सिलबन्दी दरभाउ पत्र आह्वान गरिएको छ । तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पूरा गरेका ईच्छुक फर्म/ कम्पनीहरुले सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेबसाइट https://bolpatra.gov.np/egp मा गई विद्युतीय खरिद प्रणालीबाट बोलपत्र प्रस्ताव दर्ता गर्न हुन सूचित गरिन्छ । अन्य थप जानकारीका लागि यस सुखीपुर नगरपालिकाको सूचना पाटी बेसाइट www.sukhipurmun.gov.np तथा कार्यालय समय भित्र यस कार्यालयको स्वास्थ्य शाखामा सम्पर्क राख्न सकिनेछ।

१. बिद्युतीय खरिद प्रणालीबाट बिद्युतीय बोलपत्र प्रस्ताव https://bolpatra.gov.np/egp मा गई मिति २०८३/०३/१७ गते दिनको १२:०० बजे सम्म E-bid पेश गर्न सकिनेछ र रितपुर्वक पेश गरिएको दरभाउ पत्र मिति २०८३/०३/१७ गते अपरान्ह दिनको १:०० बजे सुखीपुर नगरपालिकाको कार्यालयमा खोलिनेछ । यस कार्यालयबाट (Hard Copy) बिक्री गरिनेछैन ।

२. दरभाउपत्र खरिद दस्तुर बापतको रकम यस कार्यालयको कृषि विकास बैंक सुखीपुर शाखा , सिरहाको खाता नं. ११०४४०१४६४०४३१०४ मा रकम रु १०००।- दाखिला गरेको बैंक भौचर पेश गर्नु पर्नेछ।

२. दर्ता भएका दरभाउपत्रहरु मिति २०८३/०३/१७ गते दिनको १:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दर्ता गर्ने वा खोल्ने दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट क्रमशः कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. सिलवन्दी दरभाउपत्र साथ तपसिलमा उल्लेखित बरावरको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक सुखीपुर शाखा सिरहा को धरौटि खाता नं. ११०४४०१४६४०४३०२३ मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त क वर्ग बैंकबाट यस कार्यालयको नाममा जारी भएको प्रचालित कानुनले तोकेको मान्य अवधि (दरभाउ पत्र खोल्ने मिति देखि ७५ दिन) भएको जमानी पत्र (बिडबन्ड) पेश गर्नुपर्नेछ ।

६. औषधी खरिद गर्दा WHO GMP Certified Company र नेपाल सरकारबाट मान्यता प्राप्त उत्पादित औषधीहरु मात्र खरिद गरिनेछ । बोतलमा सप्लाई हुने औषधीहरु पलास्टिक बोतलमा भएको हुनुपर्ने छ र बाँकी औषधीहरु स्ट्रीपमा हुनुपर्नेछ ।

७. खरिद हुने औषधीहरुको म्याद सम्बन्धमा उक्त औषधीको यस कार्यालयमा बुझाउदा सम्म Manufacturing date बाट Expiry Date कम्तीमा ७५% दिन बाँकी हुनु पर्नेछ । सो भन्दा घट्टी म्याद भएका औषधीहरु स्वीकार गरिने छैन।

८. सारभुत रुपमा प्रभावग्राही दरभाउपत्रहरु मध्ये सबै भन्दा घटी रकम कबोल गर्ने फर्मको दरभाउपत्र स्वीकृत गरिनेछ ।

९. कार्यालयको आवश्यकता अनुसार दरभाउपत्रमा उल्लेखित औषधीको परिमाणमा थपघट गर्न सकिने छ।

१०. अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ र थप जानकारीको लागि यस सुखीपुर नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१९. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक नियमावली, २०६४ तथा प्रचलित नेपाल कानुन अनुसार हुनेछ ।

तपसिल

| सि.नं. | ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर रकम रु. | दरभाउ पत्र जमानत रकम |
|---|---|---|---|---|
| १ | SM/SQ/Goods/01/2082/83 | Supply and Delivery of Medicine And Surgical Items | १,०००। | ७५,०००। |
| | SM/SQ/Goods/01/2082/83 | Supply and Delivery of Medicine And Surgical Items(at Municipal Hospital) | १,०००। | ४०,०००। |